जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४   अंक १८९   २०८१ साल फागुन १३ गते मंगलबार (25 Feb. 2025 Tuesday)   मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रकोप न्यूनीकरण-निर्मम ... ३ पृष्ठमा : 'सशस्त्र प्रहरी बल ... ३ पृष्ठमा : अफगानिस्तानमा बेलायती ....

# बेल्ही भन्सार-कुनौली जोड्ने पुल नबन्दा दुवै देशका सर्वसाधारणलाई सास्ती

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउपालिका र नेपाल-भारत सीमावर्ती क्षेत्र स्थित भारतीय बाजार कुनौलीलाई जोडने एक स्थायी पुल थियो। बाँसको चचरी राखेर बनाईएको त्यो पुलबाट दैनिक हजारौं सर्वसाधान नेपाल र भारत आवत जावत गर्दथे। त्यो अस्थायी पुल (चचरी) बाढीले बगाएर लगेको ७ बर्ष वित्यो तर, अहिले सम्म बन्न सकेको छैन्।

त्यहँ पुल नभएकै कारण दैनिक आवत जावत गर्ने सर्वसाधारणले निकै सास्ती खेप्दै आएका छन्। सुख्खा याममा बेल्ही भन्सार देखि कुनौली बजारको करिव सय मिटर दुरी गर्न सजिलै छ तर, वर्षायाममा जोखिम मोलेरै सर्वसाधारण आवत जावत गर्दै आएका छन्। दुई देशको सिमामा पर्ने त्यो मितेरी पुल निर्माणमा दुबै देशको सरकारले कुनै चासो नदेखापछि त्यहाँका स्थानियहरुले आफ्नै स्रोतबाट बनाउँदै आएका थिए। तर, ७ बर्ष वितिसक्दा पनि भारतीय सिमा सुरक्षाबल (एसएसबी) को अवरोधले गर्दा त्यहाँ अस्थायी पुल समेत बन्न सकेको छैन्।



नेपाल र भारत दुवै देशको सरकारले पुल निर्माणमा चासो नलिएपछि सर्वसाधारणको आवत जावतलाई सहज बनाउन करिब ४१ वर्ष अघि त्यहाँका स्थानीय र सीमावर्ती भारतीय कुनौली बाजारका वासिन्दा समेत मिलेर सो खोलामाथी बाँसको फडकेबाट पुल निर्माण गर्दै सहज रुपमा आवत जावत गर्ने व्यवस्था गरेको थियो।

तिलाडी कोइलाडी गाउँपालिका १ बेल्ही स्थित राजविराज भन्सार कार्यालय अगाडीको खोलामा बाँसको फडके बनाएर पुनः आवागमनको व्यवस्था मिलाउने स्थानिय स्तरबाट प्रयास गरिएपनि भारतीय एसएसबीले अवरोध गरेका कारण अस्थायी पुल निर्माण गर्न नसकिएको तिलाठी तिलाठी कोइलाडी गाउँपालिकाका तत्कालिन अध्यक्ष समेत रहेका मुख्य मन्त्री सतिशकुमार सिंहले बताए।

"त्यतिबेला बाढीले बगाएको अस्थायी पुल पुननिर्माणको प्रयास गरपनि भारतीय सीमा सुरक्षा बल (एसएसबी) अवरोध गरेको कारण बनाउन सकिएन" सिंहले भने। उनले आफु पालिका अध्यक्ष रहेकै बेलासो स्थानमा पुल बनाउने अथक प्रयास गरेपनि भारतीय सुरक्षाकर्मीले त्यती बेला माथीको आदेश चाहियो भन्दै पुल निर्माणमा अवरोध गरेको मुख्यमन्त्री सिंहको भनाई छ।

आवागमनलाई सहज बनाउनका लागि नेपाल-भारत मैत्री पुल निर्माण गर्ने आफ्नो योजना रहेको सुनाउदै यसका लागी संघिय सरकारको समन्वयमा भारत सरकार संग कुटनितीक पहल भइरहेको उनले जानकारी दिए।

आफुले जिम्मेवारी सम्हाले पछी सो ठाउँमा पुल निर्माणका लागी पटक/पटक प्रयास गरेपनि भारतीय सुरक्षाकर्मीको अवरोधका कारण सफल हुन न सकेको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मंडलले बताए।

"भारतको सीमावर्ती क्षेत्रमा पर्ने कुनौली कमलपुर र डंगमारा ग्राम पञ्चायतका मुखियाहरुको समेतको पटक/पटक बैठक गरी पुल निर्माणबारे माहौल बनाउने प्रयास गरेका छौं" मंडलले भने।

दशगज्जा क्षेत्रमा रहेको सो


***बाँकी तीन पृष्ठमा***

# शिक्षक भर्ना प्रक्रिया रोक्न उच्च अदालतले दियो अल्पकालिन अन्तिरिम आदेश

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

उच्च अदालत जनकपुर, राजविराज इजलासले शिक्षक भर्नाका लागि परीक्षा र सो संग सम्बन्धित काम काज नगर्न नगराउन राष्ट्रिय प्राथमिक विद्यालय वरही विरपुरको नाममा अल्पकालिन अन्तिरिम आदेश दिएको छ।

रोहित कुमार रायले राष्ट्रिय प्राथमिक विद्यालय वरही विरपुर सप्तरी समेतलाई विपक्षी बनाएर दायर गरेको उत्प्रेषणको रिट निवेदन माथि सोमबार सुनुवाई गर्दै उच्च अदालतका न्यायाधीश माधव धितालको इजलाशले अल्पकालिन अन्तिरिम आदेश जारी गरेको हो।



छिन्नमस्ता गाउँपालिका वडा नम्बर १ स्थित रहेको उक्त विद्यालयले फागुन १३ गते मंगलबार बालविकास सहजकर्ता १ र राहत शिक्षक २ पदका लागि परीक्षा लिने तयारी गरेको थियो।

"विज्ञापन वमोजिम वालविकास सहज कर्ता १ र राहत कोटा २ शिक्षक पदको मिति २०८१/११/१३ गतेका दिन हुने भनिएको परिक्षा लगायत सो संग सम्वन्धित सम्पुर्ण निर्णय पत्र र कामकाज नगर्नु नगराउनु भनि विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ" अदालतले जारी गरेको आदेशमा भनिएको छ।

अदालतले दुवै पक्षको छलफल सुनेर मात्र अन्तरिम आदेश जारी हुने वा नहुने सम्वन्धमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकोले अन्तरिम आदेश सम्वन्धी छलफल प्रयोजनको लागि मिति २०८१ फागुन २० गते दुवैपक्षलाई आफ्ना सबुत प्रमाण सहित उपस्थित हुन भनेको हो।

निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सोसमेत उल्लेख गरी म्याद सूचना तामेल भएका मितिले बाटाका म्याद वाहेक १५ (पन्द्र) दिनभित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेशमा उल्लेख छ।

यता विद्यालयका प्रअ पंचदेव यादवले आफूले उच्च अदालतले दिएको आदेशको सम्मान गर्दै

***बाँकी तीन पृष्ठमा***

# कुम्भ स्नान गर्न गएका सिरहाका दुई जना पाँच दिनदेखि सम्पर्कविहीन

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

भारतको उत्तरप्रदेशमा चलिरहेको कुम्भ स्नान गर्न गएका सिरहाको दुई जना सम्पर्क विहिन अवस्थामा छन्।

उनीहरु विगत ५ दिन देखि सम्पर्क विहिन अवस्थमा रहेको उनको परिवारजनले बताएको हो।

सिरहाको सुखीपुर नगरपालिका वडा नम्बर ५ घर भएका ७५ वर्षीया वृद्धा पलास यादव प्रयागराज स्थित संगम स्नान गरेर फर्किने क्रममा गत बिहीबार राति देखि सम्पर्क विहिन अवस्थमा रहेको उनको परिवारजनले जनाएको छ।

भारतको उत्तर प्रदेशको फेफना रेल्वे स्टेसनदेखि बलिया रेल्वे स्टेसनको बीचमा सम्पर्कविहीन भएका हुन्।

"पाँच दिनदेखि निरन्तर खोजी गरेपनि आमालाई फेला पार्न सकिएको छैन।" उनका छोराले जानकारी दिए। भारतको स्थानीय प्रहरीमा खोजी कार्यका लागि निवेदन दिएको पनि उनले जानकारी दिए।

यस्तै औरही गाउँपालिका ३ घर भएकी ५५ वर्षीया सुलेना यादव पनि महाकुम्भ मेलाबाटै हराएको बताईएको छ।

उनी बिहीबारदेखि हराएको उनका परिवारले जनाएका छन्। बद्रीनारायण यादवले चार दिनदेखि निरन्तर खोजी गरेपनि फेला नपरेको बताउँदै खेजी कार्य गरिदिनसरकार सँग आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानले सम्पर्कविहीन भएका परिवारको तर्फबाट खोजीकार्यका लागि हालसम्म कुनै निवेदन नपरेको जानकारी दिनुभयो।

"यदी कोही व्यक्ति सम्पर्कविहीन भएका छन् भने पहिचानको लागि फोटोसहित प्रहरी कार्यालयमा निवेदन दिनु पर्‍यो"

***बाँकी तीन पृष्ठमा***

**सुत्केरीको स्वास्थ्यमा ध्यान पुर्‍याऔं**

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- वच्चा जन्मनेवित्तिकै बिगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- वच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दातृनिकायबाट आएको रकमबारे श्वेतपत्र जारी गर्नुपर्छ

काठमाडौँ, १२ फागुन (रासस) ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसद डा अमरेशकुमार सिंहले गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत नेपालमा भित्रिएको रकम र त्यसको उपयोगितबारे सरकारसँग जानकारी माग गर्नुभएको छ ।

"विभिन्न दातृ संस्था र निकायबाट आएका रकमबारे सामाजिक सञ्जालमा विभिन्न कुराहरू देखिन्छन्, हाम्रो देशमा जसले पनि जहाँ पनि लगानी गर्न पाउने व्यवस्था के हो ? गैरसरकारी क्षेत्रबाट कति रकम आयो र कुन क्षेत्रमा खर्च भयो त्यो सदनले थाहा पाउनुपर्छ", उहाँले भन्नुभयो ।

यसको नियमनका लागि २०७४ सालमा राज्य व्यवस्था समितिबाट राष्ट्रिय सदाचार नीतिको मस्यौदा तयार भएको उल्लेख गर्दै उहाँले एनओजी र आइएनजीओबाट आएको पैसाबारे सरकारले श्वेतपत्र जारी गर्न माग गर्नुभयो । सांसद सिंहले मुलुकलाई ग्रे(लिस्टमा पर्नुको कारण समेत सरकारसँग माग गर्नुभयो ।

सांसद रोशन कार्कीले अछामकी एक १२ वर्षिय बालिका बलात्कृत भएको घटनाको निन्दा गर्दै यस प्रकारका घटना रोक्न माग गर्नुभयो । उहाँले बालिकाहरूले न्याय नपाएको भन्दै असन्तुष्टि जनाउनुभयो ।

# भन्सारमा जफत गरिएका सामग्री समयमै लिलाम गर्नुपर्छ : सांसद खनाल

काठमाडौँ, १२ फागुन (रासस) ।

प्रतिनिधिसभा सदस्य ध्रुवबहादुर खनालले भन्सार कार्यालयले जफत गरेका सामान समयमै लिलाम गरेर राजस्व सङ्कलन बढाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकको आकस्मिक समयमा बोल्दै सांसद खनालले राजस्व छलेर ल्याइएका सामानलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले जफत गरेको लामो समयसम्म पनि ती सामान लिलामी बिक्री नहुँदा खेर गइरहेको बताउनुभयो ।

"महेशपुरमा रु ५० लाख बराबरको चिनी जम्मा भएको छ । समयमा लिलाम गर्न नसक्दा त्यसलाई नष्ट गर्न उल्टै रु पाँच लाख लाग्ने भयो", उहाँले भन्नुभयो, "देशभरका अन्य भन्सारमा ट्रक, मोटरसाइकललगायत सवारीसाधन खिया लागेको अवस्थामा छन् । सरकारको राजस्व खेर गइरहेको छ ।"

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रकोप न्यूनीकरण-निर्मम आत्मसमीक्षा अत्यावश्यक

*- विश्वमणि पोखरेल*

काठमाडौँ, १२ फागुन(रासस) ।

अहिले हिउँदको समय हो । पारिला घामको न्यानोमा आम जनसमुदायले जीवनयापन गर्ने मौसम हो । शिशिर ऋतुका माघ, फागुन सकिएपछि वसन्त बहारको समय आउँछ, चैत वैशाखको वसन्तीय सुगन्ध, बोटबिरुवामा नयाँ पालुवा पछि गृष्मका जेठ, असार र त्यसपछि वर्षा, अनि शरद, हेमन्त हुँदै फेरि शिशिरकै आगमन हुन्छ । ऋतुहरूको यस्तो फेहरिस्त दिनाका कारण एउटै हो, प्रकृति चलयमान छन्, चञ्चल छन्, स्थिर छैनन् भन्नै अर्थमा हामीले लिनुपर्दछ भन्नु नै हो । हामी मानव जीवन, जीवजन्तु, वनस्पति सबै त्यहीं प्राकृतिक नियममा चल्नुपर्ने हुन्छ, प्रकृति आफ्नो लयमा हुन्छ, हामी कहिले उसबाट पीडित हुन्छौं, कहिले प्रोत्साहित हुन्छौं, पल्लवित हुन्छौं ।

सामान्य तथा जेठ दोस्रो सातादेखि असोज दोस्रो सातासम्मको पाँच महिनाको समय चुनौतीपूर्ण मानिन्छ नेपालका लागि । यो समयमा मनसुन भनिने वर्षा गराउने प्रणाली सक्रिय हुन्छ । मनसुन हाम्रो जीवन हो तर वर्षाको मात्रा र प्रवृत्तिअनुसार मनसुनबाट लाभ मात्र लिंदैनौं, यसले विनाश पनि उत्तिकै गर्दछ । यसै वर्षको असोज १० देखि १३ गतेसम्म परेको अधिक वर्षा र त्यसबाट सिर्जित बाढी, पहिरो र डुबानले मुलुकको राजधानी समेत तहसनहस हुनपुग्यो । मानवीय र भौतिक रूपमा ठूलो क्षति भयो । ती तीन दिनमा भएको क्षतिको यकिन आर्थिक, सामाजिक विवरण अहिलेसम्म आइसकेको छैन, अध्ययनहरू जारी रहेको बुझिन्छ । तीन दिनको वर्षाबाट सिर्जित बाढी, पहिरो र डुबानबाट करिब रु ४६ अर्ब ६८ करोडको क्षति भएको बताइँदैछ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अध्ययनमा यस विपद्मा भौतिक पूर्वाधारतर्फ करिब रु ३९ अर्बको क्षति भएको छ र भौतिक पूर्वाधारमा भएको क्षतिको पुनर्निर्माणमा मात्र करिब रु २८ अर्ब लगानी आवश्यक हुने अनुमान छ । बिपी राजमार्गमा रोशी खोला र सुनकोशीले विशेष गरेर करिब आठ किलोमिटर सडक नराम्ररी भत्काएको हो । सडक विभागको अध्ययनअनुसार बिपी राजमार्ग पुनर्निर्माण गर्न खास गरेर आठ किमीका लागि करिब रु १० अर्ब बजेट अनुमान गरिएको छ ।

तीन वर्षको तथ्याङ्कलाई मात्र लिएर हेर्दा हामी प्रत्येक [redacted] प्रभावित बनेको छन् । यो वर्ष रु दुई अर्ब ८५ करोड ९९ लाख ३६ हजार ४०० मूल्य बराबरको क्षति भएको छ । २०८० सालमा ४९१ जनाको मृत्यु र ३१ जना बेपत्ताको सूचीमा छन्भने ८० हजार बढी परिवार प्रभावित बनेको देखिन्छ र पाँच अर्ब ४२ करोड १७ लाख ५२ हजार ४४४ मूल्य बराबरको क्षति भएको छ ।

त्यस्तै यस वर्षको क्षति बितेका २ वर्षको तुलनामा अधिक छ । २०८१ कात्तिकसम्ममा ६४९ को मृत्यु भयो भने ६६ बेपत्ता छन्, १५ हजार बढी परिवार प्रभावित बनेको देखिन्छ । असोज महिना मात्र २७० को मृत्यु, १८ जना बेपत्ता भएका छन्भने करिब छ हजार २०० परिवार प्रभावित छन् ।

विगत तीन वर्षका मानवीय र अन्य क्षतिहरूको विवरणबाट स्पष्ट हुन्छ हामी बर्सेनि निकै ठूलो मात्रामा क्षतिहरू व्यहोर्दैछौं । के यो हाम्रो नियति हो ? प्रत्येक वर्ष विशेष गरेर वर्षाका बाढी, पहिरो र डुबान गरेर ५०० वा त्योभन्दा धेरै मानवीय क्षति व्यहोर्दै जानुपर्ने बाध्यता हो हाम्रो ? कि हामीले प्रकृतिको भाषा र भाकालाई आत्मसात् गर्दै जीवनयापन गर्न नसकेर यति ठूलो क्षति भोग्नु परिरहेको छ ? प्रकृतिको प्रकृति र प्रवृत्तिअनुसार हामी चल्न नसकेर, नजानेर क्षतिको ग्राफ उक्लिंदै गएको त होइन ? भन्ने प्रश्नहरूको जवाफ खोज्नुपर्ने भएको छ ।

प्रकृतिको भाषालाई प्रशासनिक चस्माले मात्र हेरिएकाले यस्तो समस्या आएको त होइन ? कतै शासकीय कमजोरी, अव्यवस्थापन, भौतिक विकासमा गरिने हेलचेक्र्याइँका कारण हामी पीडित बनिरहेका त होइनौं ? बृहत् विवेचनाको आवश्यकता खडकिएको छ र प्रकोप न्यूनीकरणसँग सम्बन्धित पक्ष र सरोकारवालाहरूले निर्मम आत्मसमीक्षा गर्न टड्कारो बन्दै गएको छ ।

बिपी राजमार्गमा वर्षाले धेरै क्षति गर्‍यो तर कतिपय स्थानमा खोला मिचेर सडक बनाएको होइन र ? खोला किनाराका घरहरू भत्किए ? खोलाको दोष कि खोलाको किनारामा घर बनाउनेको अल्पज्ञान दोष ? राजधानीमा विकासका नाममा जताततै सडक बनाइए, पानी निकासको उचित प्रबन्ध गरिएन ? एकातिर भूक्षय अर्कोतर्फ मानव सिर्जित फोहरमैला नदीमा फाल्ने प्रवृत्ति र नदीको बहाव क्षेत्र सीमित गर्ने यावत् कर्मले नदीको सतह उचालियो, बाढी आउँदा पानी मानव बस्तीमा पस्यो ? यी यावत् प्रश्नहरू हामी आफैँले सिर्जित गरेको होइन ? अब उत्तर खोजिनु पर्दछ । होइन भने बर्सेनि ठूलो सङ्ख्यामा मानवीय क्षति, अर्बौंका क्षति हुने र पुनर्निर्माणको नाममा झन् ठूलो धनराशि खर्चनुपर्ने सिलसिला बढ्दै जाने खतरा सामुन्ने छन् ।

प्रकोप निर्मूल गर्न सम्भव छैन, हाम्रो भूखण्ड नै प्रकोपमूलक भएकाले । तर, प्रकोप न्यूनीकरण गर्न सकिन्छ, अब ध्यान त्यतातिर केन्द्रित हुनुपर्दछ । सरकारका तीन तह सङ्घीय, प्रदेश र स्थानीय तहबीच योजनाबद्ध, कार्यगत समन्वयन र सहकार्य हुनसक्यो भने अहिले भइरहेको क्षतिमा व्यापक सुधार गर्न सकिन्छ । सङ्घीय सरकारले नीतिगत व्यवस्था गर्ने र सबै पालिकाहरूले आफैँले प्रकोपजन्य जोखिम न्यूनीकरण गर्ने योजना बनाउन सक्छन्, जुन प्रभावकारी बन्नसक्छ । यसका लागि स्थानीय तहहरू आफैँले आफ्ना पालिकाहरूको प्रकोप नक्सा बनाउने र त्यहीँ नक्साका आधारमा भौतिक पूर्वाधार, बसोबासका योजनाहरू सञ्चालन गर्ने परिपाटी बन्यो भने अहिले भइरहेका क्षति स्वतः घट्ने हुन्छ । प्रकोप नक्सा बनाउने प्रविधि र जनशक्ति नेपालमा उपलब्ध छ । पालिकाहरूको क्षेत्रफल, भूबनोट, भूगर्भ, खोलानालालगायत आधारमा नक्सा बनाउन चार/पाँच लाखदेखि बढीमा रु ३०/३५ लाख लाग्न सक्ने जानकारहरू बताउँछन् । यो रकम पालिकाहरूले आफ्नै स्रोतबाट गर्न सक्छन् ।

प्रकोपका घटनाको सामना गर्नुभन्दा प्रकोप न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्नु बुद्धिमानी हो । नक्सा बनिसकेपछि नक्साकै आधार मानेर बस्ती विकास, पूर्वाधार विकास, खानेपानी, फोहर व्यवस्थापनलगायत काम गर्न सकिन्छ । जग्गा कारोबारीको चाहनाअनुसार जथाभावी बाटो निर्माण गर्ने प्रवृत्तिमा नियन्त्रण गर्न नक्सा सहयोगी हुन्छ । हामीहरू भइरहेका प्रकोप नक्साको प्रयोग पनि गरिराखेका छैनौं, गर्न सकेका छैनौं । खानी तथा भूगर्भ विभागले कतिपय प्रमुख सहर बजारहरूको प्रकोप नक्सा बनाएको छ । त्यस्तै पहिरोको खतराहरू कहाँकहाँ, कुन रूपमा छन् भन्ने नक्सा पनि विभागमा तयार छ । काठमाडौँ, पोखराको नक्सा त आजभन्दा २७ वर्षअघि बनेको हो । यसबाहेक बुटवल, भरतपुर, धरान, वीरेन्द्रनगर, सुर्खेत, महेन्द्रनगर, वीरगञ्ज, जलेश्वर, भद्रपुर, टीकापुर ३१ वटा सहर बजारको प्रकोप नक्सा विभागले बनाएको छ । ती नक्साहरूको व्यावहारिक प्रयोग भयो त ? भएको छैन । कतिपय पालिका नक्साबारे बेखबर छन्भने कतिपय नक्सा कार्यान्वयनको पक्षमा देखिएका छैनन् ।

यसमा पोखरालाई उदाहरणका रूपमा लिन सकिन्छ । पोखरा नगरपालिकाको भित्तामा सम्भवतः खानी विभागले त्यसबेला टाँसेको नक्सा अझै हुनुपर्दछ । केही वर्षअघि तत्कालीन लेखनाथ नगरपालिकाको अर्मलेका घरहरू भासिए, सडक भासियो । त्यहाँ जग्गाका कारोबारीहरूले प्लटिङ गरेर घडेरी बेचेका थिए । घडेरी लिनेहरूको घर बनाए । अर्मले आवासका लागि उपयुक्त थियो त ? पोखरा उपत्यकाको प्रकोप नक्सामा अर्मलेको फाँटलाई 'प्रोटो सब्सिडेन्स' भनेर चिनो लगाइएको छ । अर्थात् भासिने खतरा भएको भूसतह भनिएको थियो । भासिनुमा दोष कसको ? हाम्रो बेवास्ता र जथाभावी विकास गर्ने मनोविज्ञानको । यो एउटा घटना मात्र हो । अन्धाधुन्ध सहरीकरण उन्मुख कतिपय सहरहरू आफैं प्रकोपको खतरा निम्त्याइरहेका छन् ।

नेपालमा प्रकोप न्यूनीकरणको क्षेत्रमा सन् १९९० देखि काम भएका हुन् । तर यति लामो समयको अनुभवबाट पनि हामीले धेरै सिक्न पाएका छैनौं भन्ने कुराहरू पनि हुने गर्दछ । समस्या छन् भनेर तदर्थवादमा चलिरहने वा नयाँ शिराबाट अगाडि बढ्न् ? अहिलेको अहम् प्रश्न हो । प्रकोप न्यूनीकरणको समाधान के ? सबैभन्दा पहिला सरकारले आफैँले गरेका काम कार्यान्वयनमा ल्याउन सक्नुपर्‍यो । खानी विभागको काम नक्सा मात्र कोर्ने हो कि ती नक्सा सम्बन्धित पालिकाहरूमा लगेर नक्साका बारेमा जानकारी पनि दिने हो ? प्रकोप न्यूनीकरणको जिम्मेवारी लिएर बसेको प्राधिकरणले यस्तो काम गर्ने हो कि, होइन ? प्रकोप न्यूनीकरणको काममा प्राविधिक ज्ञान, प्रविधिको उपयोग, पालिकाहरूमा जागरण र जनचेतना पनि आवश्यक हुन्छ । जोखिममा रहेका बसोबासहरूको स्थानान्तरणको प्रश्न पनि आउनसक्छ । यस्तो अवस्थामा सङ्घीय सरकार र पालिकाहरूबीच सहकार्य र समन्वय हुन आवश्यक छ ।

सरकारको एउटा निकायले पहिरोका जोखिमहरूको नक्सा बनाउने र हाडड्राइभमा सुरक्षित राख्ने । अर्को निकायले पहिरो गएपछिका मानवीयलगायत क्षतिहरूको विवरणहरू सङ्कलन गरेर आफ्नो वेभ पोर्टलमा प्रकाशन गर्ने ? प्रकोप न्यूनीकरणको जिम्मेवारीको प्राधिकरण गृह मन्त्रालयको मातहत छ र प्रहरीसँग मिलेर उद्धार राहतमा केन्द्रित भएको देखिन्छ । प्रकृति आफ्नो लयमा हुन्छ । वर्षा, भूकम्प, बाढीपहिरो हाम्रा नियति हुन् । प्राकृतिक घटना आफैँमा प्रकोप होइनन् । घटनाहरूले क्षति पुर्‍याएपछि प्रकोप भनिएको हो । प्रकोप हाम्रा कारणले हुने हो, प्रकोप न्यूनीकरण पनि हाम्रै प्रयासले सम्भव छ । तर यसका लागि प्रकोप न्यूनीकरणको मुद्दालाई राज्यले उच्च प्राथमिकतामा राख्दै निर्मम समीक्षा गर्न आवश्यक छ ।

*(भूगर्भ शास्त्रका अध्येता पोखरेल पत्रकार हुनुहुन्छ)*

# ‘सशस्त्र प्रहरी बल राजनीतिक हस्तक्षेपबाट मुक्त बनाऔँ’

काठमाडौँ, १२ फागुन (रासस) ।

सांसदहरूले सशस्त्र प्रहरी बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१ माथिको छलफलका क्रममा सांसदहरूले सशस्त्र प्रहरी बलको सङ्गठन स्वायत्त बनाउन माग गर्नुभयो ।

बैठकमा गृहमन्त्री रमेश लेखकले ‘सशस्त्र प्रहरी बल, नेपाल विधेयक २०८१ माथि विचार गरियोस्’, भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

सांसदहरूले सशस्त्र प्रहरी कर्मचारीहरूले सेवा छाड्ने प्रवृत्ति बढेको उल्लेख गर्दै उनीहरूको मनोबल उच्च बनाउने गरी विधेयक निर्माण आवश्यक भएको बताउनुभयो । उहाँहरूले विधेयक समावेशी बनाउनुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच समन्वय नीति स्पष्ट हुनुपर्ने सुझाव समेत दिनुभयो ।

उक्त विधेयकमाथि विचार प्रस्तुत गर्दै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद देवेन्द्र पौडेलले सशस्त्र प्रहरी बलको परिचालन स्वायत्त बनाउन सुझाव दिनुभयो । “यो मिलिटेन्ट कर्मचारीतन्त्र हो । यसको सञ्चालन, परिचालन र नियन्त्रण सिभिलियनलाई दिन मिल्दैन”, सांसद पौडेलले भन्नुभयो, “यसलाई अलगै स्वायत्त, संस्थाका रूपमा जनसेवामा प्रयोग गर्ने गरी कानुन बनाउनुपर्छ ।”

माओवादी केन्द्रका सांसद बिमला सुवेदीले सशस्त्र प्रहरीको परिचालन प्रमुख जिल्ला अधिकारीमार्फत हुने व्यवस्थाले राजनीतिक हस्तक्षेप निम्त्याउन सक्नेमा आशङ्का व्यक्त गर्नुभयो । उहाँले नेपाल प्रहरी र सशस्त्र प्रहरी कार्यदेश तथा कार्यक्षेत्रबारे स्पष्ट व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो ।

माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले सशस्त्र प्रहरी परिचालन केन्द्र सरकारको नियन्त्रणमा रहने गरी विधेयक बनेको बताउनुभयो । “आपत्कालीन अवस्थामा सशस्त्र प्रहरीको परिचालन गर्न प्रदेशले सङ्घीय सरकारको स्वीकृति लिनुपर्ने अवस्थाले तत्कालीन आवश्यकता परिपूर्तिमा ढिलाइ हुनसक्छ”, सांसद घर्तीले भन्नुभयो ।

विधेयकमाथिको छलफलका क्रममा सांसद डा अमरेशकुमार सिंहले सुरक्षा बललाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने व्यवस्था विधेयकले गर्नुपर्ने राय व्यक्त गर्नुभयो । “सशस्त्र प्रहरीको ‘चेन अफ कमान्ड’ कसको हातमा हुने ? गृह कि प्रमुख जिल्ला अधिकारीको हातमा ?”, सांसद सिंहले सशस्त्र प्रहरीको स्वायत्ततामाथि विधेयकमा भएका व्यवस्थाबारे प्रश्न गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले सशस्त्र प्रहरी कर्मचारीले बीचमै जागिर छाड्ने समस्या समाधानका विषयमा विधेयक स्पष्ट नभएको बताउनुभयो । उहाँले यसलाई राजनीति मुक्त राख्नुपर्नेमा जोड दिनुभयो । “सशस्त्र प्रहरीलाई फोर्सका रूपमा हैन । गृह मन्त्रालयको एउटा शाखाका रूपमा किन राखिएको हो ?”, सांसद कार्कीले प्रश्न गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद शेरबहादुर कुँवरले सुरक्षा बललाई राजनीतिबाट जोगाउने गरी कानुन निर्माण गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद सुमना श्रेष्ठले सशस्त्र प्रहरीलाई सीमा सुरक्षामा परिचालनमा गर्न आवश्यक रहेको बताउनुभयो । सशस्त्र प्रहरीलाई कमजोर बनाइएको भन्दै उहाँले प्रमुख जिल्ला अधिकारीले परिचालन गर्ने व्यवस्थाप्रति आपत्ति जनाउनुभयो ।

रास्वपाका सांसद विराजभक्त श्रेष्ठले सीमा अपराधको परिभाषामा स्पष्ट पार्दै यसका लागि सशस्त्र प्रहरी परिचालन गर्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो । उहाँले सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन र सीमा सुरक्षामा सशस्त्र प्रहरी परिचालनमा जोड दिनुभयो ।

रास्वपा सांसद गणेश पराजुलीले सुरक्षा बलमा राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन जोड दिँदै सङ्गठन प्रमुखलाई जवाफदेही र जिम्मेवार बनाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो, “बढुवाका लागि योग्य अधिकारीहरू राजनीतिक शक्ति केन्द्रको घरघरमा पुगेको देखिन्छ । अधिकारीहरू घरसम्म नपुगे भने त्यहीँबाट बोलावट हुन्छ । राज्यमा कानुनी सर्वोच्चता हुनुपर्नेमा हामीले कति हदसम्म राजनीतिकीकरण गरिरहेका छौँ !”

विधेयकमाथिको सैद्धान्तिक छलफलमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद योगेशकुमार भट्टराईले सशस्त्र प्रहरी अर्धसैनिक बलको चरित्रमा रहेको उल्लेख गर्दै यसलाई आफ्नै सङ्गठनको ‘चेन अफ कमान्ड’मा सरुवा, बढुवालगायत वृद्धिविकासमा सङ्गठनको प्रमुख अधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो । उहाँले सङ्गठन प्रमुखलाई नै मुख्य जवाफदेही बनाउनुपर्ने भन्दै विधेयकमा आवश्यक सुधारका लागि सुझाव प्रस्तुत गर्नुभयो ।

“सशस्त्र प्रहरी कस्तो अवस्थामा निर्माण गरिन्छ भन्नेबारे सुझाव दिन गठित सुझाव कार्यदलले थुप्रै सुझाव दिएको छ । विधेयकले ती सुझावहरूको उचित सम्बोधन गरेको छैन”, सांसद भट्टराईले भन्नुभयो ।

एमाले सांसद रघुजी पन्तले सशस्त्र प्रहरीलाई सीमा सुरक्षा, विपद् व्यवस्थापन र द्वन्द्व नियन्त्रण मुख्य जिम्मेवारी दिनुपर्ने राय व्यक्त गर्नुभयो । उहाँले सशस्त्रलाई स्रोत साधन र उपकरणयुक्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एमाले सांसद दामोदर पौडेल वैरागीले विधेयकमा अनिवार्य अवकाशको उमेर हद परिवर्तनको प्रभावबारे स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले सशस्त्र प्रहरीलाई दर्ज्यानी चिह्न निर्वाचित संस्थाबाट दिने व्यवस्था गर्न सुझाव दिनुभयो । “सशस्त्र प्रहरीको नियुक्ति सरकारले गर्छ तर दर्ज्यानी चिह्न गृह सचिवले लगाउने प्रचलन छ । विधेयकमा पनि यही आउनु राम्रो भएन कि त प्रधानमन्त्री कि त गृहमन्त्रीले दर्ज्यानी चिह्न राख्ने व्यवस्था गरौँ”, उहाँले भन्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले सशस्त्र प्रहरीको कार्यक्षेत्र स्पष्ट तोक्न आवश्यक रहेको बताउनुभयो । सशस्त्र प्रहरी बललाई समावेशी बनाउनुपर्नेमा समेत जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद बीना लामाले सशस्त्र प्रहरीलाई प्रमुख जिल्ला अधिकारीले परिचालन गर्नसक्ने व्यवस्था उचित नभएको बताउनुभयो । “सशस्त्र प्रहरी बललाई फोर्सका रूपमा हैन मन्त्रालयको शाखाका रूपमा राख्न खोजिएको छ, यसलाई प्रमुख जिल्ला अधिकारीको मातहतमा राख्ने गरी विधेयकले व्यवस्था गरेको छ, यो उचित होइन”, सांसद लामाले भन्नुभयो ।

विधेयकमाथिको छलफलमा सांसदहरू मनीष झा, बासुदेव घिमिरे, विजुला रायमाझी, शिव नेपाली, अमृतलाल राजवंशी, सूर्यप्रसाद ढकाल, भगवती चौधरी, सराज अहमद फारुकी, अशोक चौधरी र रणेन्द्र बराली, ध्रुवबहादुर प्रधान, अच्युतप्रसाद मैनाली, मेटमणि चौधरी, प्रतीक्षा तिवारीलगायतले विचार प्रस्तुत गर्नुभएको थियो ।

# अध्यक्ष दाहालद्वारा राष्ट्रिय झण्डा झण्डात्तोलन

झापा, १२ फागुन (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको सांस्कृतिक विविधता, ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा जोड दिनुभएको छ ।

मुलुककै होचो भूभाग कचनकवलमा सोमवार बिहान राष्ट्रिय झण्डा झण्डात्तोलन गर्दै उहाँले समाज निर्माणका लागि सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि अपिल गर्नुभयो ।

जनतासँग माओवादी तराई मधेस जनजागरण कार्यक्रमका अवसरमा पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष अग्नि सापकोटा, उपमहासचिवद्वय वर्षमान पुन र जनार्दन शर्मासहित झापा आउनुभएका अध्यक्ष दाहालले कचनकवलको स्तम्भमा पुगेर झण्डात्तोलन गर्नुभएको हो ।

उहाँले कचनकवलको हुक्काहुक्की चोक बनियानीबाट अभियानको शुभारम्भ गर्नुहुने कार्यक्रम रहेको पार्टीको झापा इन्चार्ज रञ्जित तामाङले जानकारी दिनुभयो । झापाबाट सुरु भएको हुने अभियान कञ्चनपुरमा पुगेर समापन हुने उहाँको भनाइ छ ।

## कुम्भ...

उनले आग्रह गरे ।

“भारतीय प्रहरीसँगको समन्वयमा केही दिनअगाडि पनि हामीले मेला गर्न गएका एकजना सम्पर्कविहीन व्यक्तिको खोजी गरेका थियौँ । जिल्लामा अरु कोही त्यस्तो सम्पर्कविहीन व्यक्ति हुनुहुन्छ भने परिवारका कसैले खोजीकार्यका लागि प्रहरीमा सम्पर्क गरिदिनुहोला ।” प्रवक्ता पासवानले भने ।

## शिक्षक...

परीक्षा स्थगित गरिएको बताए ।

उनले बाल विकास सहजकर्ता १ र राहत २ पदका लागि फागुन १३ मा परीक्षा दिने तयारी गरिएको भएपनि उच्च अदालतबाट अल्पकालिन अन्तिरिम आदेश आएपछि मुद्दा टुङ्गो नलागे सम्मको लागि आदेश अनुसारको सबै काम काज स्थगित गरिएको जानकारी दिए ।

## बेल्ही...

खोलाबाट वर्षायाममा महुली, जीता, खाँडो, त्रियुगा, भुलवाही लगायतका नदी र खोलाको पानी बग्ने गरेको र पुल नभएकै कारण दुवै देशका नागरिकले सास्ती भोग्दै आएको तिलाठी कोइलाडी गाउँपालिकाका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाले बताए ।

सुख्खा याममा आवतजात सहज भएपनि वर्षायाममा जोखिम मोलेर सर्वसाधारण आवत जावत गर्ने गरेको तिलाठी कोइलाडी गाउँपालिका १ का रुपकान्त मिश्रको भनाई छ । त्यहाँका स्थानियहरुले पुल निर्माणका लागि सरकार संग माग समेत गरेका छन् ।


## खडक ११ मा शिवलिङ्गमा प्राणप्रतिष्ठा कार्यक्रम

महाशिवरात्रीको शुभअवसरमा खडक नगरपालिका वाड नम्बर ११ लालपुरमा लालेश्वर महादेवको कलशयात्रा, शिवलिङ्गमा प्राणप्रतिष्ठा र शुभ अखण्ड अष्ट्याम देहाय बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण भक्तजन एवम् शुभेच्छुक महानुभावहरुलाई उक्त कार्यक्रममा सहभागिताको लागि आर्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**

- **कलश यात्रा :** २०८१ फागुन १३ गते मंगलवार
- **समय :** बिहान ९ बजे
- शिवलिङ्गमा प्राण प्रतिष्ठा र शुभ अखण्ड अष्ट्याम २०८१ फागुन १४ गते बुधवार

**प्रार्थी**

**लुचाई साह**

**खडक नगरपालिका ११ लालपुर, सप्तरी ।**


# विश्व समाचार

## अफगानिस्तानमा बेलायती दम्पती पक्राउ

लण्डन, १२ फागुन (रासस/एएफपी) ।

अफगानिस्तानमा तालिबान अधिकारीहरूले एक वृद्ध बेलायती दम्पतीलाई पक्राउ गरेका छन् ।

विद्यालय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएका बेलायती दम्पत्तिलाई तालिवान प्रशासनले पक्राउ गरेको उनीहरूकी छोरी सारा एन्टिवस्टलले सोमबार बताउनुभएको छ । उहाँले बेलायती कूटनीतिज्ञहरूलाई उनीहरूको रिहाईका लागि ‘आफ्नो शक्तिले भ्याएसम्म’ गर्न आग्रह गर्नुभएको छ ।

सत्तरी वर्ष पुगेका पिटर र बार्बी रेनोल्ड्सले अफगानिस्तानमा १८ वर्षदेखि विद्यालय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएका थिए र उनीहरूलाई तीन हप्ता पहिले पक्राउ गरिएको थियो ।

पक्राउ परेका बेलायती दम्पत्तिकी छोरी सारा एन्टिवस्टल र उनका तीन भाइले सुरुमा बेलायती अधिकारीहरूलाई रिहाइका लागि सामेल नगराउने निर्णय गरेका तर तालिवान प्रशासनले आफूहरूको आवाज नसुनेपछि सार्वजनिक अपिल गरेको सोमबार टाइम्सरेडियोसँग साराले बताउनुभयो ।

“हाम्रा आमाबाबुले सधैं तालिबानसँग मिलेर कार्यक्रम सञ्चालन गर्न चाहेकोले हामी उनीहरूलाई यो हिरासतको कारण बताउने मौका दिन चाहन्थ्यौं,” उहाँले भन्नुभयो ।

“तर, तीन हप्ताभन्दा बढीको मौनता पछि, हामी अब प्रतीक्षा गर्न सक्दैनौं। अब हामी बेलायती वाणिज्य दूतावासलाई तत्काल हामीलाई जवाफ दिलाउन र उनीहरूको रिहाईका लागि तालिबानमाथि सक्दो दबाव दिन आग्रह गरिरहेका छौं ।

तालिवान प्रशासन र बेलायती विदेश मन्त्रालयले दम्पतीको गिरफ्तारीबारे टिप्पणी गर्न अस्वीकार गरेको छ ।

सन् १९७० मा काबुलमा विवाह गरेका रेनोल्ड्स सन् २०२१ मा तालिवानले कब्जा गरेपछि बेलायती दूतावासले आफ्ना कर्मचारी फिर्ता बोलाएपछि अफगानिस्तान मै रहेका थिए ।

‘द सन्डे टाइम्स’ पत्रिकाका अनुसार फेब्रुअरी १ मा पक्राउ गरिएको घटना ३० वर्षभन्दा माथिका अफगान आमाहरूलाई अभिभावकत्वसम्बन्धी सीप सिकाउनेसँग सम्बन्धित थियो।

“मेरी आमा ७५ वर्षकी हुनुहुन्छ र मेरो बुवा लगभग ८० वर्षका हुनुहुन्छ । बुवालाई हल्का मुटुको समस्या देखिएपछि औषधि लिने गर्नुभएको छ,” एन्टिवस्टलले पत्रिकासँग भन्नुभयो ।

“उनीहरू आफूले मन पराएको देशलाई सहयोग गर्ने कोसिस गरिरहेका थिए। उनीहरूले आमालाई बच्चाका साथ सिकाउँदै थिए भनेर उनीहरूमाथि लगाइएको आरोप अपमानजनक छ,” उहाँले थप्नुभयो ।

मध्य बामियान प्रान्तमा रहेको आफ्नो घर फर्कने क्रममा ती दम्पतीलाई पक्राउ गरिएको बताइएको छ ।

सन्डे टाइम्सले तालिबान अधिकारीहरूलाई लेखेको खुला पत्रमा एन्टिवस्टल र उनका भाइहरूले आफ्ना आमाबाबुलाई रिहा गर्न आग्रह गरेका छन्। उनीहरुले लेखेका छन्, “हामीले उनीहरुलाई पक्राउ गर्नुको कारण बुझ्न सकेका छैनौं ।”

पत्रमा भनिएको छ, “हाम्रा अभिभावकले अफगानिस्तानप्रति निरन्तर प्रतिबद्धता व्यक्त गर्दै आएका छन् ।”

सन् १९९० को दशकमा तालिबानले शासन गर्दा देखाएको क्रूरतामा नफर्कने वाचा गरेपछि सन् २०२१ मा अमेरिकासँगको सम्झौतापछि अमेरिका समर्थित सरकारलाई अपदस्थ गर्दै इस्लामिक कानुनको कडा व्याख्या लागू गर्दै पुनः सत्तामा फर्किएको थियो ।

त्यसपछि उनीहरूले महिला र बालिकाहरूमाथि व्यापक प्रतिबन्धहरू लगाएका छन्। उनीहरूलाई १२ वर्ष भन्दा बढी उमेरको शिक्षामा रोक लगाएका छन् र संयुक्त राष्ट्रसङ्घले ‘लैङ्गिक विभेद’ को संज्ञा दिएको नियमहरूको कार्यान्वयनको लागि उनीहरूलाई जागिर र सार्वजनिक जीवनबाट बाहिर निकालेका छन्।

## जापानमा हिम पहिरोको चेतावनी जारी

टोकियो, १२ फागुन (रासस/एएफपी) ।

जापानको मौसम सम्बन्धी निकायले दुई साताँदेखि हुस्सु लाग्ने, हिउँ पर्ने चिसो मौसमी परिवर्तनबीच आगामी दिनमा थप भारी हिमपातको सामना गर्नुपर्ने चेतावनी दिएको छ ।

मौसममा आउने परिवर्तनका कारण सडकहरूमा हिउँ जम्ने र सम्भावित हिमपहिरो आउनसक्ने अवस्थाप्रति सतर्क रहन यात्रामा निस्कने नागरिकहरूलाई आग्रह गरेको छ ।

धेरै स्की रिसोर्टहरू रहेको जापानी समुद्री क्षेत्रका वरपर राज्यहरूले हरेक वर्ष भारी हिमपातको अनुभव गर्छन् ।

जापानी रिसोर्टहरूले विदेशबाट आउने पर्यटकहरूको बढ्दो सङ्ख्यालाई आकर्षित गर्दछ।

जापानका धेरै शहरमा यो महिना उच्च हिमपात हुँदा ठाउँठाउँमा यातायात अवरुद्ध हुनुका साथै दर्जनौं मानिसहरूको मृत्यु भएको छ ।

जापानको मौसम विज्ञानसम्बन्धी निकाय (जेएमए) ले सोमबार निगाता, इशिकावा र नागानो प्रान्तका साथै हिरोशिमा र शिमाने प्रान्तलगायत केही पश्चिमी क्षेत्रमा थप हिमपातको सम्भावना रहेको जनाएको छ ।

एजेन्सीले ती क्षेत्रमा हिमस्खलन, हिउँले ढाकिएका सडक र पानीका पाइपहरू जमेकाले सतर्क रहन पनि चेतावनी दिएको छ।

स्थानीय समयअनुसार सोमबार बिहान १०:०० बजेसम्म उत्तरी आओमोरी शहरमा पाँच मिटर (१६ फिट), निगाटाको उओनुमामा ३.८१ मिटर र फुकुशिमा प्रान्तको तादामीमा ३.१३ मिटर हिउँ जमेको जेएमएले जनाएको छ ।

# महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा शोभायात्रा

काठमाडौँ, १२ फागुन (रासस)। महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा शोभायात्रा निकालिएको छ।

पशुपति क्षेत्र विकास कोषको आयोजनामा पशुपतिनाथ मूल मन्दिरअघिको पश्चिम ढोकाबाट सुरु भएको उक्त शोभायात्राको शुभारम्भ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले गर्नुभएको हो। शोभायात्रा पश्चिम मूल ढोकाबाट भुवनेश्वरी चोक, चारशिवालय, पिङ्गलास्थान, गौशाला, जयवागेश्वरी, सिफल, लामपोखरी, चाबहिल गणेशस्थान, चावहिलचोक, मित्रपार्क, उमाकुण्ड हुँदै भुवनेश्वरी चोकमा पुगेर समापन भएको थियो।

शोभायात्रामा मन्त्री पाण्डे र राज्यमन्त्री अरुणकुमार चौधरी, सचिव विनोदप्रकाश सिंह, कोषका सदस्य सचिव डा मिलनकुमार थापा, कोषाध्यक्ष नारायणप्रसाद सुवेदी, कोष सञ्चालक परिषद्का सदस्यहरू, कोषका कर्मचारी, स्थानीय सङ्घ संस्थाका प्रतिनिधि, साधुसन्तलगायतको उपस्थिति रहेको थियो।

# आँखा उपचारमा फड्को मार्नु देशकै लागि गौरवको विषय हो : उपराष्ट्रपति यादव

वीरगञ्ज (पर्सा), १२ फागुन (रासस)।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले आँखाको उपचारमा नेपालका अस्पतालहरूले फड्को मार्दै गएको बताउनुभएको छ। रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालको स्वर्ण महोत्सवको आज यहाँ उद्घाटन गर्दै उहाँले आँखाको उपचार क्षेत्रमा फड्को मार्नु यस क्षेत्रका लागि मात्रै नभएर सिङ्गो मुलुकको लागि गौरवको विषय भएको बताउनुभयो।

"केडिया आँखा अस्पतालले मधेस मधेसमा मात्रै नभई बागमती र छिमेकी मुलुकका जनतालाई पनि गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्दै आइरहेको छ", उपराष्ट्रपति यादवले भन्नुभयो, "दक्ष जनशक्तिबाट मधेश प्रदेशको बारा र पर्सा जिल्लाका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने उद्देश्यको साथ सञ्चालित यो अस्पतालमा पछिल्लो समय बागमती प्रदेशको मकवानपुर, मधेस प्रदेशको रौतहट र सर्लाहीको पश्चिम भेग तथा छिमेकीमूलक भारतको विहार र उत्तर प्रदेशका जनसमुदायलाई पनि जनसेवा प्रवाह गर्दै आएको खुसी व्यक्त गर्दछु।"

उपराष्ट्रपति यादवले केडिया आँखा अस्पतालले विगत ५० वर्षदेखि आँखाका बिरामीका लागि सहज पहुँचको व्यवस्था मिलाउँदै आइरहेको बताउनुभयो। "यो क्षेत्रको महत्त्वपूर्ण हिस्सा रहेको यो अस्पतालले आफ्नो स्थापनाकालदेखि आँखा उपचारमा उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै आइरहेको छ", उहाँले भन्नुभयो, "समयानुकूल आँखा अस्पतालको सेवा पनि विस्तार गर्दै आइरहेको छ। आगामी दिनमा अझै गुणस्तरीय आँखाको उपचार सेवा प्रदान गर्न अनुरोध गर्दछु।" उपराष्ट्रपति यादवले आँखा अस्पताललाई मुलुकै नमुना अस्पतालको रूपमा विकसित गर्नका लागि पनि अनुरोध गर्नुभयो।

"अस्पतालले ५० वर्ष योगदानलाई स्मरण गर्दै विगतका कमीकमजोरीलाई सुधार्दै बढ्नका लागि पनि जरूरी छ", उहाँले भन्नुभयो, "अस्पतालले उच्चस्तरीय उपचार सेवालाई अझै सशक्तीकरण गरेर दृष्टिमा देखिएको समस्यालाई समाधान गर्नेतर्फ अग्रसर हुन अनुरोध गर्दछु।" उपराष्ट्र यादवले सोमबार अस्पतालको स्वर्ण महोत्सवको अवसरमा निर्माण गरिएको दृष्टि स्तम्भ र अस्पतालको नयाँ प्रस्तावित भवनको शिलान्यास पनि गर्नुभयो।

रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालका अध्यक्ष राजेशकुमार केडियाले ५० वर्षअघि वीरगञ्जको लोहारपट्टीमा पाँच शचयाको आँखा अस्पताललाई अहिले एक सय ७५ शचयाको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्न सकेको बताउनुभयो।

"५० वर्षको अवधिमा अस्पतालले २७ लाखभन्दा धेरै बिरामीको आँखाको उपचार गरेका छौँ। सो अवधिमा आँखाको शल्यक्रिया पनि झण्डै चार लाखको हाराहारीमा गरेका छौँ। जसमध्ये एक लाख ८२ हजार जनाको आँखाको शल्यक्रिया निःशुल्क गरेका छौँ", उहाँले भन्नुभयो, "आगामी दिनमा अस्पतालको सेवालाई अझै उच्चस्तरीय बनाउँदै आँखाको बैंक पनि स्थापना गर्ने घोषणा गर्दछौँ।"

सोही अवसरमा स्वर्गीय हीरालाल केडिया सम्मानबाट प्रा डा सुनु दुलाल सम्मानित हुनुभएको छ। रू दुई लाख ५१ हजार एक सय ५१ नगद पुरस्कारसहित सम्मान गरिएको थियो। त्यसैगरी दृष्टिविहीन बालबालिका तथा शारीरिक रूपमा अशक्त भएकालाई नगदसहित ह्विलचेयन पनि प्रदान गरिएको थियो। नेत्रज्योत्ति सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्त, प्रा डा देवनारायण साहले नेपालको आँखाको उपचारमा पछिल्लो समय निकै राम्रो सुधार भएको बताउनुभयो।

# वन मुद्दा फछ्र्यौटमा समस्या

वीरगञ्ज (पर्सा), १२ फागुन (रासस)। पर्सा जिल्लामा वनपैदावर तथा वन्यजन्तुसँग सम्बन्धित दुई सय २२ मुद्दा वन ऐन २०७६ सँग दुबिधा भएकाले फछ्र्यौट हुन सकेको छैन। जिल्लामा आव २०८०/८१ सम्म दुई सय दुई वन मुद्दा दर्ता भएका छन् भने चालु आर्थिक वर्ष २०८१/८२ मा थप २० वन मुद्दा थपिएका छन्।

वन ऐन २०७६ को दफा ६७ मा यस ऐन अन्तर्गत दुई लाखसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै समाज हुने मुद्दा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्था छ। तर,अहिले डिभिजनल वन अधिकृत भने प्रदेश सरकार मातहतका छन्। यसको कारणले पनि जिल्लामा दर्ता भएका वन मुद्दा फछ्र्यौट गर्न कानुनी अड्चन देखिएको हो।

डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले वन मुद्दासँग टुङ्गो लगाउनको लागि दुविधा कायम भएकाले पनि मुद्दा फछ्र्यौट गर्न समस्या भएको बताउनुभयो। "वन ऐन २०७६ को दफा ६७ मा यस ऐन अन्तर्गत रु दुई लाखसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै समाज हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन भन्ने व्यवस्था छ," उहाँले भन्नुभयो,"अहिले डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहतको रहेको छ। तर, कानुनी व्यवस्थामा सङ्घीय डिभिजन वन अधिकृतले गर्ने भन्ने व्यवस्थाको कारणले पनि वन मुद्दालाई किनारा लगाउनका लागि ठाउँपिच्छे नै फरक(फरक रहेको छ। कतै प्रदेशका डिभिजन वन अधिकृतले मुद्दाको किनारा लगाउँदै आइरहनुभएको छ। त कतै पनि सो मुद्दा किनारा लगाउन समस्या भइरहेको छ।"

डिभिजनल वन अधिकृत अहमदले पर्सा जिल्लामा देखिएको समस्याको विषयमा सरकारी वकिलको कार्यालय पर्सामासमेत जानकारी गराइसकेको जानकारी दिनुभयो।"पर्साको सरकारी वकिलको कार्यालयले वनसँग सम्बन्धित मुद्दा डिभिजन वन कार्यालयले नभइ अदालतको क्षेत्राधिकारभित्र पर्ने बताइएको छ" उहाँले भन्नुभयो,"कानुनी रुपमा हामीले अघि बढाउन पाएको खण्डमा वन मुद्दाको विषयमा थुनछेक बहस गरेर आदेश पनि गर्ने थियौँ।" डिभिजनल वन अधिकृतलाई वन मुद्दासँगसम्बन्धी बहस र थुनछेक गर्नका लागि अर्धन्यायिक अधिकार पनि दिइएको छ।

वन ऐन,२०७६ को दफा ६२ मा ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्ने व्यवस्था उल्लेख छ।

"यस ऐन बमोजिम एक वर्षभन्दा बढी कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ।" ऐनमा भनिएको छ।

# व्यापार सहजीकरण गर्ने विषयमा सिजाङ स्वायत्त प्रदेशका वाणिज्य विभाग र नेपाली महावाणिज्य दूतावासबीच छलफल

काठमाडौँ, १२ फागुन (रासस)। मित्रराष्ट्र चीनको सिजाङ स्वायत्त प्रदेशका वाणिज्य विभागका महानिर्देशक चेन जुन र नेपाली महावाणिज्य दूतावास ल्हासाका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाबीच सोमवार महावाणिज्य दूतावासमा भेटवार्ता भएको थियो।

उक्त अवसरमा व्यापार, वाणिज्य, पारवहन, व्यापार मेला र व्यापार सहजीकरण समितिको बैठकलगायत दुई देशबीचका सम्बन्धका विविध विषयमा छलफल भएको ल्हासास्थित महावाणिज्यदूतावासले जनाएको छ।

बैठकमा महावाणिज्यदूत निरौलाले हिमाल, पहाड र नदीनालाले जोडिएका यी दुई देशबीच ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै चीनले नेपाललाई हालसम्म पुऱ्याएको सहयोगका निम्ति आभार व्यक्त गर्नुभयो। उहाँले आगामी दिनमा पनि यस प्रकारको सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभयो।

महानिर्देशक चेनले दुई देशबीच सम्बन्ध सुदृढ बनाउन महावाणिज्यदूतावासले निर्वाह गरेको भूमिकाको सराहना गर्दै दुई दैशबीच सम्बन्ध सुदृढीकरण र नेपालको विकासमा सहयोग गर्न चीनसधैँ तयार रहेको जानकारी गराउनुभयो।

उक्त बैठकमा दुवै पक्षबाट नेपाल चीनबीच व्यापार, वाणिज्य र पारवहन क्षेत्रलाई थप सुदृढ बनाउन नेपालको कृषि उत्पादनलाई चीनमा निर्यात गर्न पहल गर्ने सहमत भएका छन्। सन् २०१९ मा भएको चिनियाँ राष्ट्रपति सि जिन पिङको नेपाल भ्रमणका क्रममा कार्यान्वयन गर्ने भनिएका आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न क्रियाशील रहने, सबै सीमा नाकालाई अझ प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थित गर्न पहल गर्ने विषयमा छलफल भएको थियो।

भेटवार्तामा सीमा नाकाहरूमा देखिएका समस्या समाधान गर्न संयुक्त प्रयास गर्ने, त्यस क्षेत्रको पूर्वाधार विकास गर्ने, दुइ पक्षीय भ्रमणहरू आदानप्रदान गर्ने, एक अर्का देशमा आयोजना हुने व्यापार मेला र महोत्सवहरूमा सहभागिता जनाउने र दुई देश र जनताको हितका कार्यहरूमा समन्वयात्मक रूपमा कार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको महावाणिज्यदूतावासले जनाएको छ।

# अर्थतन्त्र चलायमान बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन गरौँः उपप्रधानमन्त्री सिंह

बरहथवा (सर्लाही), १२ फागुन (रासस)।

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले अर्थतन्त्र चलायमान बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन गर्नुपर्ने बताउनुभएको छ। सर्लाहीको लालबन्दीमा सहरी विकास मन्त्रालयअन्तर्गतको सहरी विकास तथा भवन निर्माण विभागबाट निर्मित बहुउद्देश्यीय व्यापारिक भवनको सोमवार उद्घाटन गर्नुहुँदै उपप्रधानमन्त्री सिंहले लालबन्दीमा निर्मित व्यापारिक भवनले यो क्षेत्रको आर्थिक गतिविधि बढाउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

"यहाँ उत्पादित सामग्री एवं खाद्यपदार्थदेखि सबै स्थानीय उत्पादनलाई मार्केटिङ गर्नका लागि एउटा स्थानका रूपमा यो भवन रहनेछ," भवन उद्घाटनपछि उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "यसले लालबन्दी नगरपालिकालाई मात्र नभएर त्यसलाई युवाले उपयोग गरे संसारभर प्रचारप्रसार गर्नसक्छन्।"

उपप्रधानमन्त्री सिंहले लालबन्दीमा निर्मित भवन उद्घाटनलगत्तै नगरपालिकालाई हस्तान्तरण गर्नुभएको थियो। उपप्रधानमन्त्री सिंहले अर्थतन्त्र चलायमान बनाउनका लागि गर्नुपर्ने काम सहरी विकास मन्त्रालयले गर्ने भन्दै व्यापारिक भवनको उद्देश्यअनुसार काम अघि बढाउनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो। "अर्थतन्त्र चलायमान बनाउन यहाँ भएको गतिविधिले सकारात्मक सन्देश जानेगरी यहाँहरूले काम गर्नुहुनेछ भन्ने मलाई विश्वास छ," उपप्रधानमन्त्री सिंहले भन्नुभयो। भवन रु पाँच करोड ४१ लाख ५२ हजार ९७५ लागतमा सम्पन्न भएको हो।

# अध्यक्ष दाहालद्वारा तराई-मधेस जागरण अभियानको उद्घाटन

झापा, १२ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनतासँग माओवादी तराई( मधेस जागरण अभियानको उद्घाटन गर्नुभएको छ।

कचनकवल गाउँपालिकाको बनियानीस्थित हुकाहुकी चोकबाट अध्यक्ष दाहालले अभियानको आज उद्घाटन गर्नुभएको हो। उद्घाटन कार्यक्रममा बोल्दै माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले यो अभियान ऐतिहासिक भएको बताउनुभयो। उहाँले अभियानले पूर्वदेखि पश्चिमसम्मका सबै जातजाति, धर्म र सम्प्रदायलाई एकीकृत गर्ने अपेक्षा रहेको बताउनुभयो।

पार्टीका अर्का उपमहासचिव जनार्दन शर्माले जनताको कुरा सुन्ने, दुःख, सुख बाँड्ने र उत्पीडनमा परेकाको अन्त्य गर्ने उद्देश्यले अभियान थालिएको बताउनुभयो।

# सहरी नीति र फोहोरमैला व्यवस्थापन नीति कार्यान्वयनमा तीनै तहले समन्वय गर्ने

काठमाडौँ, ११ फागुन (रासस)। राष्ट्रिय सहरी नीति २०८१ र फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति २०७९ कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहले समन्वय गर्ने भएका छन्।

उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहको अध्यक्षतामा सोमवार बसेको सहरी विकास समितिको बैठकले उक्त निर्णय गरेको हो। बैठकमा सातै प्रदेशबाट मन्त्रीहरू, नगरपालिका र गाउँपालिकाका प्रमुख, उपत्यका मेयर्स फोरमका अध्यक्ष, शहरी विकास मन्त्रालयअन्तर्गतका विभागका प्रमुखहरुको सहभागिता रहेको थियो।

बैठकमा अधिकार सम्पन्न वाग्मती सभ्यता संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, नगर विकास कोष ऐन २०५३ को संशोधनका लागि तयार भएको विधेयक, फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र सहरी विकाससम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि छलफल भएको थियो।

उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले सङ्घीयता बलियो बनाउन तीन तहका सरकारबीचमा समन्वय र अन्तरसम्बन्ध प्रगाढ बनाउनुपर्ने बताउनुभयो। सहरी विकास समितिको पहिलो बैठक २०८० फागुन १६ मा बसेको थियो भने सोमवार दोस्रो पटक बैठक बसेको थियो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*